STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ११९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २९ गते बुधबार ❑ 12 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## प्रदेशमा गठबन्दन सरकार बन्न सकेन

### कांग्रेसबाट पिडित भएकाले कांग्रेसलाई समर्थन गर्दिन: थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ बैशाख**

गण्डकी प्रदेशमा नयाँ गठबन्दन सरकार बन्ने सम्भावना टरेको छ। राष्ट्रिय जनमोर्चाका संसदीय दलका नेता कृष्ण थापाले नेपाली कांग्रेस नेतृत्वको नयाँ बन्न लागेको गठबन्दन सरकारलाई साथ नदिने भए पछि प्रदेशमा नयाँ गठबन्दन सरकार बन्ने सम्भावना टरेको हो।

जनमोर्चाकै दुई सांसदको समर्थन पाएको कांग्रेसले आफ्नो पक्षमा ३१ मत पुराउन नसक्दा गण्डकी प्रदेश प्रमुख सीता पौडेलले प्रदेशमा नयाँ सरकार बन्न दिएको तीन दिनको समय सिमा मंगलबार देखि सकिएको छ।

कास्की सहित प्रदेशमा ११ जिल्लाका ६० सांसद रहेकोमा नयाँ सरकार बनाउनका लागि कम्तीमा ३१ सांसदको समर्थन आवश्यक पर्छ। यद्यपी कांग्रेस नेतृत्वको नयाँ गठबन्दन दलहरुले मंगलबार ३० सांसदको हस्ताक्षर संकलन गरे पनि एक मत नपुगेका कारण नयाँ सरकार बनाउन सकेनन्। विपक्षी गठबन्धनमा काँग्रेसका १५, माओवादीका सभामुख सहित १२ र जनता समाजवादी पार्टीका २ सांसद छन् भने जनमोर्चाका सचेतक पियारी थापा र अर्का सांसद खीलबिक्रम शाहीले हस्ताक्षर गरेका छन्।

गण्डकी प्रदेशमा जनमोर्चाका थापाले नयाँ सरकार गठनका लागि समर्थन गर्न अस्वीकार गरेसँगै पृथ्वी सुब्बा गुरुङ फेरि मुख्यमन्त्री हुने सम्भावना प्रवल रहेको छ। कांग्रेस सहित गठबन्दन दलहरुले मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ बिरुद्ध सदनमा पेश गरेको अविश्वासको प्रस्ताव उपर छलफल सहित मतदान हुने दिन सोमबार भए पनि एक दिन अघि गत आइतबारमा आफु अल्पमतमा पर्ने बुझेर मुख्यमन्त्री गुरुङले राजिनामा दिएका थिए।

प्रदेश प्रमुख सीता कुमारी पौडेलले आह्वान गरे अनुरुप मंगलबार साँझसम्म दलहरुले बहुमतसहित सरकारका लागि दावी गरिसक्नु पर्ने छ अन्यथा ठुलो दलको हैसियतमा नेकपा एमालेका संसदीय दलका नेता गुरुङ पुनः मुख्यमन्त्री नियुक्त हुने सम्भावना रहेको छ। मुख्यमन्त्री नियुक्त भए पनि ३० दिनभित्र उनले विश्वासको मत लिनुपर्ने छ। मुख्यमन्त्रीसंग हाल एक स्वतन्त्र सांसद दीपक मनाङे सहित २८ मत रहेको छ भने ३१ मत पुऱ्याउन थप ३ जना सांसद आफ्नो पक्षमा पार्नुपर्ने देखिन्छ। प्रतिपक्ष दल नेपाली कांग्रेस (१५), माओबादी केन्द्र सभामुख सहित १२ र जनता समाजवादी पार्टी (जसपा) (२) गरी उनीहरुसंग समेत २८ मत रहेको छ।

गण्डकी प्रदेश सभामा निर्णायक मत भएको राष्ट्रिय जनमोर्चाका संसदीय दलका नेता कृष्ण थापाले आफुले कांग्रेस नेतृत्वको सरकारलाई कुनै पनि हालतमा समर्थन गर्न नसक्ने बताए। उनले भने "कांग्रेसलाई धेरै बर्षदेखि भोगियो, मैले जनता र कार्यकर्ताको दबाबमा कांग्रेसलाई समर्थन गर्न सक्दिन यसमा पार्टीले जस्तो सुकै कारवाही गरे पनि गरोस।" आफु पहिलेदेखि कांग्रेसबाट पिडित भएकोले गर्दा पनि कांग्रेस नेतृत्व सरकारको पक्षमा हस्ताक्षर नगरेको उनले जनाए।

जनमोर्चाकी सचेतक पियारी थापाले आफुहरुले नयाँ गठबन्दन सरकारलाई पार्टीको निर्णय बमोजिम हस्ताक्षर गरेको बताइन्। पार्टीले लिएको निती र विधि अनुसार नचल्ने थापाको रहस्य बिस्तारै खुल्ने बताएकी उनले पार्टीको असर कार्यकर्ताले पार्टीले भनेको मान्नु पर्ने जनाइन्। नयाँ गठबन्दन सरकार बनाउने अभिलासाका साथ होटलमा जम्मा भएर नयाँ सरकार बनाउने योजना बनाउदै गरेको कांग्रेस सहितको गठबन्दन दलहरु हाल आ–आफ्नो गन्तव्यमा लागेका छन्।

## सरकार गठनका लागि कांग्रेसको पहल: जसपाको पूर्ण समर्थनका लागि पहल गरिने

**रासस**
**काठमाडौं, २८ बैशाख**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा विश्वासको मत गुमाएपछि नेपालको संविधानानुसार नयाँ सरकार गठनका लागि पहल गर्ने निर्णय गरेको छ।

पार्टीका पदाधिकारी र पूर्वपदाधिकारीको मंगलबार सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको बैठकले राष्ट्रपति विद्यादेवी भण्डारीले आह्वान गरेअनुसार संविधानको धारा ७६ को उपधारा (२) बमोजिम कांग्रेसको नेतृत्वमा सरकार गठनका लागि सम्पूर्ण रूपमा लाग्ने निर्णय गरेको हो। बैठकले नयाँ सरकार गठनका लागि नेकपा (माओवादी केन्द्र) को समर्थन रहेको र जनता समाजवादी पार्टी नेपालको पूर्ण समर्थनका लागि पहल जारी गर्ने निर्णय गरेको कांग्रेस सहमहामन्त्री डा प्रकाशशरण महतले जानकारी दिए। प्रतिनिधिसभामा विश्वासको मत अस्वीकृत भएसँगै राष्ट्रपतिले सोमबार नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलका समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्रीका लागि यही वैशाख ३० गते साँझ ९ बजेभित्र दावी पेश गर्न आह्वान गरेका थिए। सोमबार नै कांग्रेस सभापति देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र जसपाका अध्यक्ष उपेन्द्र यादवले संयुक्त वक्तव्यमार्फत बहुमतको सरकार गठनका लागि आह्वान गर्न राष्ट्रपतिसँग आग्रह गरेका थिए। प्रतिनिधिसभामा नेकपा (एमाले) का १२१, कांग्रेसका ६३ (दुई निलम्बित), माओवादी केन्द्रका ५३ (चार निलम्बित), जसपाका ३४ (दुई निलम्बित) तथा राष्ट्रिय जनमोर्चा, नेपाल मजदूर किसान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका एक/एक र स्वतन्त्र एक सांसद छन्।

## निको हुने दर ७५.५ प्रतिशत, २२५को निधन

**रासस**
**काठमाडौं, २८ बैशाख**

देशभरि मंगलबार कोभिड-१९ का नौ हजार ४८३ सङ्क्रमित भेटिएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको बुलेटिनमा २० हजार ५९६ पिसिआर र ७२० एन्टिजेन परीक्षणमा नौ हजार ४८३ सङ्क्रमित पुष्टि भएको हो।

मंगलबार देखिएकासँगै नेपालमा चार लाख १३ हजार १११ सङ्क्रमित छन्।

यस्तै सङ्क्रमित निको भई पाँच हजार २२५ घर फर्किएका छन्। अहिलेसम्म तीन लाख १२ हजार १९ निको भएर घर फर्किएका छन। नेपालमा निको हुने दर ७५.५ प्रतिशत छ। मंगलबार सङ्क्रमणबाट २२५ को निधन भएको छ। निधन भएका सङ्क्रमित सङ्ख्या सबभन्दा बढी हो। कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको तथ्याङ्कमा नेपाली सेनाले शव व्यवस्थापन गरेका आधारमा आज निधन हुनेको संख्या त्यति पुगेको हो।

निधन हुनेसँगै नेपालमा अहिलेसम्म चार हजार ८४ कोरोनाबाट बितेका छन्। यस्तै पाँच सयभन्दा भन्दा बढी सङ्क्रमण भएका जिल्ला ३० पुगेका छन्। तिनमा मोरङ, सुनसरी, झापा, रौतहट, धनुषा, पर्सा, बारा,महोत्तरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रेपलाञ्चोक, मकवानपुर, धादिङ, नुवाकोट, कास्की, गोरखा, नवलपरासी -बर्दघाट सुस्तापूर्व), दाङ, बाँके, रूपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, नवलपरासी - बर्दघाट सुस्तापश्चिम), सुर्खेत, कैलाली, कञ्चनपुर र बैतडी छन्।

सङ्क्रमितमध्ये एक हजार ८४ सघन उपचार कक्ष र २९० जनाले भेन्टिलेटरमा उपचार गराइरहेका छन्। प्रदेश नं १ मा १२७, प्रदेश नं २ मा ६०, वाग्मती प्रदेशमा ५२९, गण्डकीमा ८२, लुम्बिनीमा १६०, कर्णालीमा १०२ र सुदूरपश्चिममा २४ जना आइसियुमा छन्।

यस्तै प्रदेश नं १ मा २९, प्रदेश नं २ मा ३७, वाग्मतीमा १८४, गण्डकीमा ११, लुम्बिनीमा १३, कर्णालीमा आठ र सुदूरपश्चिममा आठ जना भेन्टिलेटरमा छन्।

## कास्कीमा ३५६ सहित गण्डकीमा थपिए ६२४ संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ बैशाख**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा थप ६२४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

११ सय ५६ जनाको पीसीआर परिक्षण गर्दा ५३२ जनाको रिपोर्ट नेगेटिभ आएको प्रदेश स्वास्थ्य निर्देशनालय गण्डकीले जनाएको छ। गएको २४ घण्टामा गण्डकीका ११ जिल्ला मध्ये मनाङ बाहेक अन्य सबै जिल्लामा कोरोनाका बिरामी थपिएका छन्।

नयाँ संक्रमितमा कास्कीमा ३५६ जना, स्याङजामा ८६ जना, पर्बतमा ६० जना, नवलपरासी पूर्वमा ४५ जना, तनहुँमा ३७ जना रहेकाछन्। त्यस्तै गोखरामा २५ जना, म्याग्दीमा ८ जना, लमुजुङमा ३ जना, बाग्लुङ र मुस्ताङमा २, २ जना रहेकछन्। योसँगै प्रदेशभर कुल कोरोना संक्रमितको संख्या २४ हजार ५०६ पुगेको। त्यस्तै सोही अवधिमा गण्डकीमा थप ११२ जना कोरोना संक्रमण मुक्त भएकाछन्। योसँगै गण्डकीमा हालसम्म १८ हजार १८५ जना संक्रमण मुक्त भएकाछन्। हाल प्रदेशमा ६ हजार ३३ जना कोरोनाका सक्रिय केस छन्। गएको २४ घण्टामा प्रदेशका विभिन्न जिल्लामा उपचाररत १२ जना कोरोना संक्रमितको मृत्यु भएको छ।

हालसम्म प्रदेशमा २८८ जनाले कोरोना संक्रमणबाट ज्यान गुमाईसकेका छन्। हाल ५ हजार ८७६ जना होम आइसोलेसनमा छन् भने हालसम्म गण्डकीमा १ लाख ५६ हजार ३८३ जनाको नमूना परिक्षण गरिएको छ।

## नेपालमा अहिले अक्सिजनको माग उत्पादन भन्दा दोब्बर

**रासस**
**काठमाडौं, २८ बैशाख**

नेपालमा अहिले अक्सिजनको माग उत्पादन भन्दा दोब्बर छ।

कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र (सिसिएमसीं)ले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा सो सचिवालयका संयोजक तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव डा. खगराज बरालले अहिले सङ्क्रमितको उपचारका लागि दैनिक १५ हजार सिलिण्डर आवश्यक पर्ने भएपनि सात हजार २०० सिलिण्डर उत्पादन भइरहेको बताए। नौ वटा अक्सिजन प्लान्टले दैनिक उक्त उत्पादन गरेका हुन्। "दोस्रो लहर निकै सङ्क्रामक देखिएकोले धेरै बिरामीलाई हाइफ्लो अक्सिजन चाहिएको छ। एउटा बिरामीलाई दैनिक पाँच वटासम्म सिलिण्डर चाहिएको छ," उनले भने, " अक्सिजनको उत्पादन र मागबीच ठूलो अन्तर छ।" वैकल्पिक विधिबाट अक्सिजन उत्पादन बढाउन सकेमात्र अहिलेको आवश्यकता पूरा गर्न सकिने बताइएको छ। "विद्युतबाट अक्सिजन र पुराना अक्सिजन प्लाण्ट मर्मत गरेर उत्पादनको तयारीमा छौ", उनले भने, "विदेशबाट तरल अक्सिजनको आयात चाँडै गरेर पनि यसको अभाव हुन दिँदै नौ।" उत्पादन बढाउन सरकारले तुरुन्तै नेपाल आयल निगम र कान्तिपुर अक्सिजन प्लान्ट मर्मत गरेर सञ्चालनको तयारी गरेको छ। प्लान्टमा समस्या भए नेपाली सेनाको टोलीले मर्मत सम्भार गरेर चलाउने छ। उपत्यकामा अभाव कम गर्न पोखरा, चितवन र वाराबाट अक्सिजन ल्याइएको छ। "धेरै बिरामीलाई अक्सिजन चाहिएको छ। उत्पादनको आधारमा पुऱ्याउन सकेका छैनौ", उहाँले भन्नुभयो, "अक्सिजनको अभावले मानवीय क्षति हुन नदिन हामी सचेत छौ।"

नेपालमा उत्पादन कम भएकोले दातृनिकायबाट तरल अक्सिजन ल्याउने जनाइएको छ। ति तरल अक्सिजन सिलिण्डरमा हालेर वितरण गर्ने तयारी छ। तरल अक्सिजन प्लान्ट तीन सरकारी र तीन निजी अस्पतालमा छ। तीमध्ये शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, भेरी अस्पताल र नेपालगञ्ज मेडिकल कलेजमा सञ्चालनमा छन्।

सिसिएमसीले अस्पतालका बिरामीलाई अक्सिजन पुऱ्याउन आवश्यकताका आधारमा न्यूनतम कोटा निर्धारण गरेको छ। अक्सिजन उत्पादनमा समस्या पर्ने भएकोले नियमित विद्युत आपूर्तिको व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिइएको छ।

## उपत्यकामा जेठ १३ सम्म निषेधाज्ञा थप

**रासस**
**काठमाडौं, २८ बैशाख**

उपत्यकामा आगामी जेठ १३ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ।

उपत्यकाको तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) का प्रमुख जिल्ला अधिकारीसहितको मंगलबारको बैठकले आगामी दुई साता निषेधाज्ञा लम्ब्याउने निर्णय गरेको हो। कोभिड-१९ सङ्क्रमणको जोखिम बढ्दो रहेकाले निषेधाज्ञा लम्ब्याउनु परेको काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जानकारी दिए। उनका अनुसार यसपाली निषेधाज्ञामा अत्यावश्यक खाद्य सामग्री खरिद

बाँकी अन्तिम पृष्ठमा ▶▶




## सगरमाथामा एकैदिन ८० आरोही

**रासस**
**काठमाडौं, २८ बैशाख**

बहराइनका राजपरिवार सहित मंगलबार एकै दिन करिब ८० जनाले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेका छन्।

पर्यटन विभागका निर्देशक मीरा आचार्यका अनुसार मंगलबार बिहान ६:४० बजेको समयमा बहराइनका राजकुमार शेख मोहम्मद अल खलिफा सहितको टोली सगरमाथाको शिखरमा पुग्न सफल भएको हो। "खलिफासहित टोलीका १६ मध्ये १२ सहित अन्य करिब ८० जना सगरमाथाको शिखर पुग्नुभएको छ", आधारशिविरमा रहनुभएका विभागका निर्देशक आचार्यले टेलिफोन सम्पर्कमा भने, "आरोहण टोलीसँग राम्रो टेलिफोन सम्पर्क हुन सकिरहेको छैन त्यसैले यो सङ्ख्यामा थपघट हुन सक्छ।" स्वदेशी तथा विदेशी आरोहीले मंगलबार बिहान ५ बजे देखि सगरमाथाको शिखरमा पाइला टेक्न सफल भएको उनको भनाई छ।

"१३ मे सम्मको मौसम आरोहणका लागि अनुकुल देखिन्छ", अधिकृत आचार्यले भन्नुभयो, "त्यसबेलासम्म करिब

बाँकी अन्तिम पृष्ठमा ▶▶

# कास्की काँग्रेसले आइशोलेसन वार्ड र एम्बुलेन्स संचालन सम्वन्धी निर्णय प्रशासनलाई जानकारी गरायो

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ बैशाख**

नेपाली काँग्रेस कास्कीले पार्टी कार्यालयलाई आइसोलेसन वार्ड बनाउन दिने र एम्बुलेन्स संचालन सम्वन्धी निर्णय बारे मङ्गलबार जिल्ला प्रशासन कार्यालय कास्कीलाई जानकारी गराएको छ।



सरकारलाई आवश्यक परेमा पोखरा ४ स्थित चिप्लेढुङ्गा र पोखरा ३० स्थित खुदीमा रहेको पार्टी कार्यालय कोरोना संक्रमितका लागि आइशोलेशन वार्ड बनाउन दिने बारेमा पार्टीले गरेको निर्णय जानकारी गराएको हो। कास्की काँग्रेसले संक्रमितलाई अस्पतालसम्म पुग्न कठिनाइ हुने गरेको र महंगो रकम तिर्नुपर्ने अवस्था रहेकाले पार्टीले जेठ १ गतेदेखि एम्बुलेन्स संचालन गर्ने निर्णय गरेको जानकारी गराउँदै प्रशासनसँग अनुमति पनि लिएको छ । नेपाली काँग्रेस कास्कीका सचिव देवेन्द्र रानाभाट र प्रवक्ता नवीन सिग्देल मंगलबार जिल्ला प्रशासन कार्यालय कास्की पुगेर कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमलाई पार्टीको निर्णय जानकारी गराएका थिए।

कास्की काँग्रेसका सभापति कृष्ण केसीद्वारा हस्ताक्षरित ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले आवश्यकता अनुसार समन्वय गर्दै जाने बताए। ज्ञापनपत्रमा संकटका बेला कोरोना विरुद्धको भ्याक्सिन खरिदमा समेत सरकार कमिशनको खेलमा लाग्नु निन्दनीय भएको भन्दै खेद प्रकट गर्दै कमिशनको विषय तत्काल छानविन गरि दोषीलाई कारवाही गर्न माग गरेको छ।

# मर्स्याङ्दीमा ट्रक खस्दा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ बैशाख**

मर्स्याङ्दी नदीमा ट्रक खस्दा दुई जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा जिल्ला बाग्लुङ गलकोट-८ पचुवा निवासी ३७ वर्षीय जय कँडेल र ३५ वर्षीय मीन कँडेल रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। चितवनको मुग्लिनबाट तनहुँको आँबुखैरेनीतर्फ आउँदै गरेको ना३ख ९९७३ नंको ट्रक आँबुखैरेनी गाउँपालिका-४ ऐना पहरास्थित आँपचौर घुम्तीबाट करीब १०० मिटर तल खस्दा सो दुर्घटना भएको हो। घटना रातिको समयमा घटेको भए पनि प्रहरीलाई मंगलबार मात्रै जानकारी भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिए । मृतक जय कँडेल ट्रक चालक र मीन कँडेल सहचालक रहेको मृतकका साहिलो भाइ हिरा कँडेलले जानकारी दिए।

गाउँको घर बाग्लुङ भए पनि हाल डेरा गरी चितवनको नवलपरासीम बस्दै आएको उनले बताए। उनका अनुसार दुवै दाजुभाइ पराल लोड गरेर पोखरातर्फ गएका थिए । मृतक दुवै एकै घर परिवारका दाजुभाइ हुन्। मृतक दुवै को शवपरीक्षणका लागि दमौली अस्पतालमा राखिएको छ।

# नेपाल मुस्लिम युवा समितिलाई समिर मियाबाट स्वास्थ्य सामाग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ बैशाख**

कोरोना भाइरसको दोस्रो लहरको संक्रमण अहिले विश्वभर फैलिएको अवस्थालाई मध्यनजर गर्दै भीरकोट नगरपालिका -२ ध्रुर्व देउराली निवासी युवा व्यवसायी, अल मदिना प्यालेस होटल नयाँ बसपार्क काठमाडौंका प्रोप्राइटर समिर मियाबाट नेपाल मुस्लिम युवा समितिलाई स्वास्थ्य सामाग्री सहयोग गरेका छन्।




उनले १०० लिटर स्यानिटाइजर, १०,००० थान मास्क, ५० थान फेस शिल्डका साथै विभिन्न स्वास्थ्य सामाग्री सहयोग स्वरुप प्रदान गरेका छन् । उनले स्याङ्जा, दमौली, काठमाडौं, वालिङ लगायत नेपालका विभिन्न स्थानमा कोभिड रोकथामका साधन र स्वास्थ्य सामग्री सहयोग गर्दै आएका छन् । उनले यस समितिलाई विगतका दिनहरुमा पनि आर्थिक, सामाजिक र भौतिक रुपमा सहयोग प्रदान गर्दै आएका छन् । नेपाल मुस्लिम युवा समिति ले आगामी दिनमा पनि उहाँबाट सहयोगको अपेक्षा गर्दै उनलाई धन्यवाद व्यक्त गरेको छ।

# कोरोना भाइरसको नयाँ प्रकार विश्वव्यापी चिन्ताको विषय

**रासस**
**काठमाडौं, २८ बैशाख**

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले भारत, बेलायत (यूके), दक्षिण अफ्रिका र ब्राजिलका कोभिड-१९ का प्रकारहरूलाई डब्ल्यूएचओले जटिल प्रकारले भाइरसका रूपमा वर्गीकरण गरेको छ।

डबल्यूएचओले भारतमा पाइएको कोरोनाभाइरसको प्रकारलाई सोमबार विश्वव्यापी चिन्ताको रूपमा वर्गीकरण गरेको छ। डब्लुएचओका अनुसार प्रारम्भिक अध्ययनहरूले भारतमा देखिएको बी.१.६१७ को सङ्क्रमण अन्य प्रकारभन्दा सजिलै फैलिने देखाएको बताउँदै यस विषयमा थप अध्ययनको आवश्यकता रहेको बताएको छ।

डब्ल्यूएचओका प्राविधिक प्रमुखले सोमवार अहिले उपलब्ध खोपहरूको भारतीय प्रकारमाथि प्रभावकारिताकमहुनसक्नेदेखिएको बताए। उनले यो प्रकारका लागि खोपको प्रभावकारीता कम हुनु नै चिन्ताको विषय भएको बताए । भारतमा भेटिएको यो प्रकार ३० भन्दा बढी मुलुकहरूमा फैलिसकेको डब्ल्यूएचआले जनाएको छ । यसबाहेक बेलायत (यूके), दक्षिण अफ्रिका र ब्राजिलका कोभिड-१९ का प्रकारहरूलाई पनि डब्ल्यूएचओले उस्तै प्रकारले वर्गीकरण गरेको छ। कुनैपनि प्रकारलाई डब्ल्यूएचओले चिन्ताको प्रकारमा वर्गीकरण गर्दा सहज सङ्क्रमण, गम्भीर लक्षण, एन्टीबडीको कम प्रभावकारिता र उपचार एवम् खोपको कम प्रभावकारिताको आधार हेर्ने गरेको ती अधिकारीले बताए।

## सगरमाथामा...

२०० आरोहीले सगरमाथा आरोहण गर्ने अनुमान छ।" वसन्त यामको सगरमाथा आरोहण यही वैशाख २४ गते देखि शुरु भएको थियो। कीर्तिमानी आरोही कामीरिता शेर्पाको नेतृत्वमा गएको १२ जना शेर्पा टोलीले शिखर जाने बाटो बनाउँदै चुचुरोमा पुगेपछि आरोहण शुरु भएको विभागले जनाएको छ । त्यस पछि यो यामको दोस्रो आरोहण मंगलबार भएको हो । मन्त्रालयलका अनुसार वसन्त याममा सगरमाथा आरोहणका लागि ४३ समूहका ३१५ पुरुष, ९२ महिला र १ अन्य गरी ४०८ जनाले आरोहण अनुमती लिएका छन्। अधिकांश आरोही अहिले आधारशिविर पुगिसेका छन् भने ती मध्ये पनि धेरै आरोही क्याम्प एक, दुई हुँदै तीनसम्म पुगेर आरोहणका लागि अनुकुल मौसमको पखाइमा रहेका आधारशिविरबाट पर्यटन विभागका सम्पर्क अधिकृत ज्ञानेन्द्र श्रेष्ठले जानकारी दिए।

## उपत्याकामा..

विक्रीका लागि बिहान १० बजेसम्म खुला रहने भएको छ । यसअघि बिहान ९ बजेसम्म मात्र खुला गरिएको थियो । उक्त समयमा अत्यावश्यक खाद्य सामग्रीका पसल, व्यवसाय र डिपार्टमेन्टल स्टोर्स( खाद्य सामग्री मात्र बिक्री गर्न) खुला हुने छ।

उपत्यकामा वैशाख १६ गतेदेखि निषेधाको आदेश जारी भएको थियो । त्यसपछि वैशाख २२ गते पुनः एक साता थप गर्दै २ ९ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थपिएको थियो । सङ्क्रमणदर नघटेपछि पुनः दुई साता थप गरिएको हो । सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौं उपत्यका तथा तराइमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिएको छ । सोही अधिकार प्रयोग गर्दै जारी गरिएको आदेशामा सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लव, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, हेल्थ क्लव, फुटसल, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना र दर्शकसहितको खेलकूद सञ्चालन गर्न नपाइने उल्लेख छ। सर्वसाधारणले औषधि, खाद्यवस्तु, तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदका लागि तथा अत्यावश्यक सेवा लिनुपर्दा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्किन पाउने छैन । अत्यावश्यक काममा निस्कँदा पनि दुई व्यक्तिबीच कम्तिमा दुई मिटरको दूरी कायम गर्नुपर्ने छ। अनिवार्य रूपमा मास्कको प्रयोग गर्न, पटकपटक साबुन पानीले हात धुन र स्यानिटाइजरको प्रयोग गर्न आदेशमा भनिएको छ।



ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय गन्तव्य स्याङजा जिल्लास्थित छाङछडदी शिव मन्दिर।
तस्वीरः हरि बाँस्तोला, रासस

# भारतमा कोभिड संक्रमित घट्न थाले

**रासस**
**काठमाडौं, २८ बैशाख**

भारतमा कोरोनाभाइरस (कोभिड-१९) बाट संक्रमित हुने व्यक्तिको संख्यामा केही कमी हुन थालेको छ।

कोभिड-१९ बाट प्रभावित धेरै राज्य र शहरमा निषेधाज्ञा, लकडाउन र प्रतिबन्धहरु घोषणा गरिएसँगै संक्रमितको संख्या घट्न थालेको पाइएको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले विगत २४ घण्टामा तीन लाख २९ हजार ९४२ जना नयाँ संक्रमित थपिएको जनाएको छ । यो सहित भारतमा हालसम्म कूल संक्रमितको संख्या दुई करोड २९ लाख ९२ हजार पुगेको छ । यसै बीच, कोभिड-१९ को महामारीका कारण २४ घण्टामा थप तीन हजार ८७६ जनाको मृत्यु भएको छ। यो सहित भारतमा कोरोनाभाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्या दुई लाख ४९ हजार ९९२ जना पुगेको मन्त्रालयले जनाएको छ।

भारतमा हाल ३७ लाख १५ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा रहेका छन् जुन अघिल्लो दिनभन्दा ३० हजारले कमी हो । हालसम्म एक करोड ९० लाख २७ हजार व्यक्ति कोरोनाभाइरसबाट संक्रमणमुक्त भएका छन् । कोरोनाभाइरसको दोस्रो लहरका कारण ठूलो मानवीय क्षति भइरहे पनि सरकारले देशव्यापी लकडाउन नगरिने स्पष्ट गरेको छ। कतिपय राज्यले राति कर्फ्यु लगाएका छन् भने केहीमा आंशिक लकडाउन गरेका छन्।

कोरोनाभाइरसको संक्रमणबाट निकै प्रभावित राजधानी नयाँ दिल्लीमा आगामी मे १७ सम्म लकडाउन घोषणा गरिएको छ।

मन्त्रालयका अनुसार गत जनवरीबाट शुरु भएको खोप अभियान मार्फत् हालसम्म १७ करोड २० लाख व्यक्ति लाभान्वित भएका छन्। गत मे १ तारिखबाट शुरु भएको तेस्रो चरणको खोप अभियानमा १८ वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिलाई खोप दिन थालिएको छ।

यसैबीच, भारतीय स्वास्थ्य अनुसन्धान परिषदले देशभर हालसम्म ३० करोड नमुना परीक्षण गरिएको जनाएको छ।


## वन अपराध नियन्त्रण सम्बन्धी सूचना

वन फाँड्ने, वन क्षेत्रको जग्गा जोत्न, खन्ने, खनिज उल्खनन् गर्ने, आवास गर्ने, सडक तथा अन्य पूर्वाधार बनाउने, घर छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने जस्ता कार्य वन अतिक्रमण हो। यस्तै बिना इजाजत राष्ट्रिय वन, निजी वन, आवादी समेतको वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य वन अपराध हुन्। वन अतिक्रमण तथा बिना इजाजत वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने गराउनेलाई वन ऐन,२०७६ को दफा ५० वमोजिम बरामद काठको विगो जफत गरी अधिकतम पाँच वर्षसम्म कैद वा दुई लाख रुपैयासम्म जरीवाना वा दुवै सजाँय हुने प्रावधान छ। साथै पचास हजार भन्दा बढी मूल्य पर्ने बोझबाहक जस्तै ट्र्याक्टर लगायतका अन्य सवारी साधनमा बिना इजाजत वन पैदावार ओसारपसार गरे गराएमा सो बोझबाहक तथा सवारी साधन समेत जफत हुन्छ। यसका अलावा वन पैदावारमा आधारित उद्योगले प्रचलित कानुन विपरीत वन पैदावार राखेमा थप दुई लाख रुपैया जरिवाना हुनेछ। तसर्थ वन ऐन, २०७६ को बर्खिलाप हुने कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।


**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
सम्पर्क नः ०६१-४६७६५४, ०६१-४६७६६९, ०६१-४६७६७०
इमेलः moitfe4@gmail.com

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# स्वास्थ्य संकटको अवस्था

नेपालमा कोरोना भाइरस संक्रमण दिनानुदिन फैलिएको छाकोभिड-१९ को संक्रमणबाट पछिल्लो २४ घण्टामा अहिलेसम्मकै धेरै २ सय २५ जनाको मृत्यु भएको छ। मृत्यु हुनेको संख्या बढ्दै जाँदा स्वास्थ्य संकटकाल लगाउनुपर्ने आवाज उठेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार अहिले नेपालमा हरेक घण्टा कोरोनाकै कारण ९ जनाको मृत्यु हुन्छ। संक्रमण र मृत्युको संख्या तीव्र रुपमा बढ्दा अस्पतालहरुले बेड अभावमा बिरामीको भर्ना लिनै छोडेका छन् । संक्रमण र यसले मृत्यु हुनेको संख्या बढ्दा स्वास्थ्य प्रणाली नै ध्वस्त भएको चिकित्सकले बताउन थालेका छन् । यस्तै अवस्था रहने हो भने नेपालको 'हेल्थ सिस्टम नै कोल्याब्स' हुने त होइन भन्ने चिकित्सकको चिन्ता छ। चिकित्सकले यसको नियन्त्रणका लागि स्वास्थ्य नीति नै परिवर्तन गर्न सुझावसमेत दिएका छन् ।

चिकित्सकको भनाइले कोरोना संक्रमण भयावह बन्दै गएको र यसको नियन्त्रणका लागि सरकार गम्भीर बन्नुपर्ने र सबै आम सर्वसाधारण सचेत हुनुपर्ने देखिएको छ । दैनिक मन्त्रालयले संक्रमित, मृतक र संक्रमणको तीव्र वृद्धिका विवरण सार्वजनिक गर्दै गर्दा आम मानिसमा त्रास बढ्न थलेको छ। तर, घरभित्रै बस्ने र बाहिर निस्कनै पर्दा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन सके संक्रमणबाट आफैं बच्न सकिन्छ। महामारी बढ्दै गर्दा अरुलाई दोष दिनुभन्दा पनि आफैं सचेत हुनुपर्ने अवस्था आएको छ। २४ घण्टामा २२५ जनाको मृत्यु भएसँगै नेपालमा कोरोनाले ज्यान गुमाउनेको संख्या ४ हजार ४ सय ८४ पुगेको छ। मन्त्रालयका अनुसार मंगलबार थप ९ हजार ४ सय ८३ जना संक्रमित थपिएका छन्। २१हजार ५ सय ९६ जनाको पीसीआर र ७ सय २० जनाको एन्टिजेन परीक्षण गर्दा ९ हजार ४ सय ८३ मा संक्रमण पुष्टि भएको हो। दैनिक संक्रमण बढ्दै गर्दा नेपालमा सक्रिय संक्रमितको संख्या ९७ हजार ८ पुगेको छ। पछिल्लो २४ घण्टामा ५ हजार २ सय २५ जनाले कोरोना जितेका छन्। योसँगै नेपालमा कोरोना जित्नेको संख्या तीन लाख १२ हजार १९ पुगेको छ।

नेपालमा एक महिनामा एक लाख भन्दा बढी संक्रमित थपिएका छन।करिब एक लाख सक्रिय संक्रमित भएको अवस्थामा अब नयाँ कदम चालेर मात्र रोकथाम, उपचार र नियन्त्रण गर्न सकिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को रोकथाम, उपचार र नियन्त्रणका लागि नयाँ कदम आवश्यक रहेको बताएका छन् । मन्त्रालयले गरेको भर्चुअल पत्रकार सम्मेलनमा उनले कोभिड-१९ को रोकथाममा अहिलेको चालिएको कदम पर्याप्त नहुने भएकाले स्वास्थ्य संकटकाल वा लकडाउन आवश्यक रहेको बताएका छन ।जनस्वास्थ्यविद्ले तीन हप्ता कडा लकडाउन हुनुपर्ने सुझाव दिएका छन।नेपालीमा स्वअनुशासनमा बस्ने बानी नरहेको र अटेरी गर्ने हुँदा कडा लकडाउनका चर्चा भएका हुन। यस्ता विषयमा सामूहिक निर्णय आवश्यक हुन्छ। अहिलेको अवस्थामा दोस्रो लहरको संक्रमण यही गतिमा बढे सरकारसँग भएका सघन उपचार कक्ष, हाइ डिपेन्डेन्सी युनिट र भेन्टिलेटरले थेग्न नसक्ने सरकारले जनाउ दिएको छ । महामारी उकालो लागिरहेकाले सबैलाई सचेत रहन स्वास्थ्य मन्त्रीले आग्रह गर्दै मुलुकमा अहिले अक्सिजन ग्यासको अभाव रहेकाले कालाबजारी नगर्न अनुरोध गरेका छन।

स्वास्थ्य मन्त्री त्रिपाठीले कोभिड-१९ विरुद्धको खोपका सम्बन्धमा नबुझी जथाभावी नबोल्न आग्रह गरेका छन ।कतिपय नेताले तथ्यहिन आधारमा बोल्दै हिडेका छन। तथ्य भन्दा हल्लाका आधारमा बोल्ने हुँदा काम गर्नेले बिरोध खेप्नुपरेको छ । 'खोप खरीदमा सरकारले कसैलाई पनि कमिशन दिएको छैन,' 'सरकारले प्रत्यक्ष खोप उत्पादक कम्पनीसँग चार डलरमा खरीद गरेको हो ।' उनले 'कोभिशिल्ड' खोप उत्पादन कम्पनी सिरम इन्सिच्युट अफ इण्डियामा आगलागी र भारतमा संक्रमण फैलिएकाले नेपालले खरीद गरेको १० लाख मात्रा खोप नआएको स्पष्ट गरे । भारतमा पनि संक्रमण बढेर निर्यात गर्न दिइएको छैन,' उनले भने, 'भारतले निर्यातका लागि अनुमति दिएपछि नेपालमा खरीद गरिएको १० लाख मात्रा खोप आउने विश्वास दिलाएका छन। सरकारले समयमै स्पष्ट नपार्दा अफवाह फैलिने गरेको छानेपाली उखान धान खाने मुसो,चोट पाउने भ्यागुतो' जस्तो अवस्था आउन नदिन सरकारले गरेका निर्णय पारदर्शी बनाउनुपर्छ। समस्या एकातिर हल्ला अर्कोतिर हुँदा स्वास्थ्यमन्त्रालय समयमै उचित निर्णय लिन सरकारलाई सुझाउ दिनु आवश्यक छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारिरीक झमेला | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बहराइनका राजकुमारसहितको टोलीले सगरमाथा आरोहण गर्‍यो

**रासस**

**काठमाडौं, २८ बैशाख**

बहराइनका राजकुमार शेख मोहम्मद अल खलिफासहितको टोलीले विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मिटर) को सफल आरोहण गरेको छ।

बहराइनको राजपरिवारका सदस्यसहितको टोली आज बिहान ६:४० बजे सगरमाथाको चुचुरोमा पुगेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्यटन विभागले जनाएको छ। सगरमाथाको आधार शिविरमा रहनुभएका विभागका निर्देशक मीरा आचार्यले सामाजिक सञ्जालमा पोष्ट गर्नुभएको छ, "सन् २०२१ मे ११ स्थानीय समय बिहान ६:४० बजे बहराइनको राजपरिवारका सदस्यसहितको टोली सगरमाथाको शिखर तथा नेपाली गौरव, शान तथा अनुपम सम्पत्ति सगरमाथाको सफल आरोहण गरेको जानकारी प्राप्त भएको छ। सफल आरोहीलाई सगरमाथा जतिनै उच्च बधाई।"

बहराइनका अधिराज्यका युवराज शेख नसेर बिन हमिद अल खलिफाका भाइ राजकुमार खलिफासहित १६ जनाको टोली सगरमाथा आरोहणमा गएको थियो । उक्त आरोहण टोलीमा बहराइन रोयल गार्ड (डिफेन्स फोर्स)मा कार्यरत १३ बहराइनी तथा तीन बेलायती छन् । वसन्तयामको सगरमाथा आरोहणका यही वैशाख २४ देखि शुरु भएको थियो । कीर्तिमानी आरोही कामीरिता शेर्पा नेतृत्वको १२ शेर्पा आरोही टोलीले आरोहणका लागि बाटो बनाउन सगरमाथाको चुचुरोमा पुगेको (रोप फिक्सिङ) गरेपछि व्यावसायिक आरोहण शुरु भएको थियो।

पर्यटन मन्त्रालयका अनुसार सगरमाथाका लागि सर्वाधिक ४३ आरोही समूहका ४०८ आरोहीले आरोहण अनुमति लिएका छन् । यसमा ९३ महिला र ३१५ पुरुष छन् । वसन्तयामको हिमाल आरोहणमा ७९ देशका ८६ आरोही समूहमा जम्मा ७७४ जना आरोहीले आरोहण अनुमति लिएका छन् । सगरमाथासहितका विभिन्न १९ हिमाल तथा पिक आरोहणका लागि विभिन्न २४ एक्सिपीडिसन कम्पनीमार्फत पर्वतारोही गन्तव्यमा निस्केका हुन्। वसन्तयामको हिमाल आरोहणबाट हालसम्म रु ७१ करोड ४८ लाखभन्दा बढी रोयल्टी सङ्कलन भएको छ । सगरमाथाबाट मात्रै रु ६६ करोडभन्दा बढी रोयल्टी जम्मा भएको छ।

# सिलिण्डर व्यवस्थापनमा जुट्यो गाउँपालिका

**पोखरापत्र संवाददाता**

**दमौली, २८ बैशाख**

तनहुँका आँबुखैरेनी गाउँपालिकास्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रले आँबुखैरेनी गाउँपालिकालाई सिलिण्डर हस्तान्तरण गरेको छ।

कोभिड सङ्क्रमण बढेपछि बजारमा अक्सिजन सिलिण्डर अभाव भएकाले केन्द्रले मर्मत प्रयोजनका लागि भण्डार गरी राखेको १२ थान ठूलो सिलिण्डर गाउँपालिकालाई हस्तान्तरण गरेको हो । अक्सिजन सिलिण्डरको उपलब्धता भएपछि जलविद्युत् केन्द्रलाई फिर्ता दिने गरी सिलिण्डर ल्याइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार नौ थान भरी सिलिण्डर र तीन थान खाली सिलिण्डर ल्याइएको छ। खाली सिलिण्डरलाई आज नै भर्न पठाइने पोखरेलले जानकारी दिनुभयो । प्रमुख प्रशासकीय अधिकृत पोखरेलका अनुसार गाउँपालिकामा यस अगाडि दुईवटा भरी सिलिण्डर छ। थप सिलिण्डरको पनि खोजी कार्य गरिएको पोखरेलले जानकारी दिनुभयो । "आँबुखैरेनी गाउँपालिका जिम्मेवार भएर सङ्कट व्यवस्थापनमा जुटिरहेको छ", पोखरेलले भन्नुभयो । जलविद्युत् केन्द्रले उपलब्ध गराएको सिलिण्डर लिन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पोखरेल, वडा नं ३ का सदस्य दिनेश केसी आफैं पुग्नुभएको थियो।

आइतबार मात्रै गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाको पहलमा एक कर्मचारीलाई उद्धार गरी काठमाडौं पठाइएको थियो । प्रदेश सरकार मातहत कार्यालयका कर्मचारीलाई श्वासप्रश्वासमा समस्या भएपछि अध्यक्ष थापाको सक्रियतामा एम्बुलेन्स व्यवस्थापन गरिएको थियो । यसै गरी आँबुखैरेनी-३ स्थित अलस्टार क्लबले आफ्नो भवन आइसोलेशन निर्माणका लागि गाउँपालिकालाई दिने भएको छ। कोभिड सङ्क्रमित बढेको र आइसोलेशनका लागि भवन अभाव हुनसक्ने भएपछि क्लब भवन गाउँपालिकालाई दिन तयार भएको हो। क्लबका अध्यक्ष दिनेश केसीले गाउँपालिकाका अध्यक्ष थापालाई उक्त भवन प्रयोग गर्न दिने सहमतिपत्र हस्तान्तरण गर्नुभएको छ । वडासदस्यसमेत रहनुभएका केसीले कोभिड रोकथाम गर्नु सबै सङ्घसंस्थाको कर्तव्य भएकाले क्लबको भवन आइसोलेशनका लागि दिने निर्णय भएको बताउनुभयो। उक्त भवनमा पाँच शय्याको आइसोलेशन कक्ष बनाउन सकिनेछ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पोखरेलले कोभिड रोकथामका लागि क्लबले पुऱ्याएको सहयोग उदाहरणीय रहेको बताउनुभयो।

# निजी प्रयोजनको बाहानामा जथाभावी सालको रुख कटान

**पोखरापत्र संवाददाता**

**गोरखा, २८ बैशाख**

गोरखा नगरपालिका-१३ स्थित वनदेवी सामुदायिक वन क्षेत्र आसपासमा निजी वनका नाममा जथाभावी सालको रुख कटानी भएको पाइएको छ। स्थानीयवासीले वनमा सालको काठ लुकीछिपी काटेर राखेको अवस्थामा भेटेपछि डिभिजन वन कार्यालयलाई जानकारी गराएका थिए।

काटिएको काठ स्थानीयवासी सुर्दशन शाहीले आफ्नो निजी प्रयोजनका लागि भन्दै काटेर थुपारेर राखेको अवस्था भेटिएको कार्यालयका प्रमुख अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो । प्रमुख श्रेष्ठले थुपारिएर राखिएको काठ कहाँबाट काटेको भन्ने कुरा अनुसन्धान भइरहेको बताउनुभयो। "निजी वनको हो कि सामुदायिक वनबाट काठ काटिएको हो भन्ने स्पष्ट भइसकेको छैन," प्रमुख श्रेष्ठले भन्नुभयो। शाहीले थुपारेर राखेको भनिएको स्थानमा करीब २९ थान (साढे ३१ क्युफिट) काठ फेला परेको अनुसन्धानमा खटिनु भएका रेन्जर बद्री देवकोटाले जानकारी दिनुभयो । शाहीले सामुदायिक वनसंग जोडिएको क्षेत्रमा बिना अनुमति आफ्नो निजी वन भन्दै सालको रुख कटानी गरेको पाइएको हो। उनले घर बनाउनका लागि काठ काटेको भनिएपनि स्थानीयवासीले काठ बिक्री वितरणका लागि काटेको आशङ्का गरेका छन् । कानूनमा निजी वन नै भएपनि सालका काठ अनुमति बिना काट्नका लागि प्रतिबन्ध लगाइएको छ । रुख काटिएको क्षेत्रमा अन्य कुकाठका रुखहरू पनि ढलिरहेको अवस्थामा भेटिएको स्थानीयको भनाइ छ।

# थप दुई पालिकामा निषेधाज्ञा

**पोखरापत्र संवाददाता**

**दमौली, २८ बैशाख**

जिल्ला प्रशासन कार्यालय तनहुँले घिरिङ र ऋषिङ गाउँपालिकामा पनि मंगलबार निषेधाज्ञा आदेश जारी गरेको छ । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको निर्णयअनुसार घिरिङ र ऋषिङका सम्पूर्ण भागमा मंगलबारदेखि निषेधाज्ञा आदेश जारी भएको हो।

यसअघि जिल्लाका आठ स्थानीय तह र ऋषिङ गाउँपालिका-१ मा मात्रै निषेधाज्ञा गरिएको थियो । कोभिड सङ्क्रमणको उच्च जोखिमलाई मध्यनजर गरी जिल्लाभर निषेधाज्ञा आदेश जारी गरिएको प्रमुख जिल्ला अधिकारी सागर आचार्यले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयले वैशाख ३१ गतेसम्म निषेधाज्ञा जारी गरेको छ । यसअघि खाद्यान्नका पसल बिहान ५ बजेदेखि ९ बजेसम्म र साँझ ५ बजेदेखि ७ बजेसम्म खुल्ने भनिएकामा अब बिहान ५ बजेदेखि ९ बजेसम्म मात्र खुल्नेछन् । कार्यालयका अनुसार उक्त अवधिमा खाद्यान्न, तरकारी, फलफूल, दूध र दुग्धजन्य पदार्थ, माछा, मासु, अण्डा, दाना, पशुपक्षीको उत्पादन र बिक्री वितरण र निर्माण सामग्री पसल खुल्नेछन् । निषेधाज्ञा अवधिमा अत्यावश्यक सेवा एम्बुलेन्स, ग्यास, पेट्रोलियम पदार्थ, खानेपानी, औषधि तथा उपचार सामग्री, स्वास्थ्य संस्था, अस्पताल, दूरसञ्चार, फोहरमैला व्यवस्थापन, बैंकको एटिएम सेवा, डाँक सेवा र सार्वजनिक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्न पाइन्छ। त्यस्तै माथि उल्लिखित भएकाबाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने, बिरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनुपर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनुपर्नेछ। सञ्चारकर्मीको हकमा सूचना विभाग वा सम्बन्धित सञ्चार गृहले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न पाइनेछ।

# अवैध रूपमा नदीजन्य पदार्थको उत्खनन्

**पोखरापत्र संवाददाता**

**तनहुँ, २८ बैशाख**

जिल्ला प्रहरी कार्यालय तनहुँले निषेधित समयमा अवैध नदीजन्य पदार्थ उत्खनन् गर्ने पाँच ट्र्याक्टरलाई नियन्त्रणमा लिएको छ । प्रहरीले नियन्त्रणमा लिई कारबाहीको लागि सम्बन्धित पालिकामा पठाएकामा रु.४० हजार जरिवाना तिरेर छुटेका छन्।

जिल्लाको विभिन्न स्थान र मितिमा अवैध रूपमा नदीजन्य वस्तु उत्खनन् गर्ने सवारी साधानले पालिकाले तोकेअनुरुपको जरिवाना बुझाएर छुटेका हुन्। नदीजन्य वस्तु उत्खनन् गरी ओसारपसार तथा ओसार्दै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिई सम्बन्धित पालिकामा पठाएकामा जरिवाना तिराएर छाडेको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले बताउनुभयो । त्यसैगरी व्यास नगरपालिका-१० दुम्सीस्थित मादी नदी बगरबाट अवैध रूपमा बालुवा उत्खनन् गरी ओसारपसार गर्दै गरेको अवस्थामा ट्र्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको हो । व्यास नगरपालिका-७ दुलेपानी स्थितमा रहेको झोलुङ्गे पुलमाथी अवैध रूपमा ढुङ्गा राख्दै गरेको अवस्थामा ट्र्याक्टरलाई प्रहरी चौकी कलेस्तीबाट खटिएको प्रहरीले नियन्त्रणमा लिएको हो।

प्रहरीले पक्राउ गरी आवश्यक कारवाहीको लागि व्यास नगरपालिकाको कार्यालयमा बुझाएकामा उक्त कार्यालयबाट रु.आठ हजारका दरले रु.१६ हजार जरिवाना गरि छाडेको प्रहरी नायब उपरीक्षक तिमिल्सेनाले बताउनुभयो । निषेधित समयको मौका छोपी नदीजन्य पदार्थ उत्खनन हुने गरेकाले सम्भावित क्षेत्रहरूमा प्रहरीले निगरानी बढाउन थालेको उहाँले जानकारी दिनुभयो।

# १५ खानेपानी आयोजना सम्पन्न

**पोखरापत्र संवाददाता**

**लमजुङ, २८ बैशाख**

प्रदेश सरकारद्वारा सञ्चालन गरिएको खानेपानी आयोजनामध्ये १५ वटा खानेपानी आयोजना सम्पन्न भएका छन् । बेँसीशहर नगरपालिका-८ मा रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखा एकाइ कार्यालय लमजुङद्वारा सञ्चालन भएको ५० योजनामध्ये १५ वटाको काम सकिएको हो।

प्रदेश सरकारको चालु आव २०७७/७८ मा सञ्चालन भएका ५० योजनाका लागि रु ११ करोड ६० लाख ५० हजार बजेट विनियोजन गरिएको थियो । एकाइ कार्यालयका प्रमुख इन्जिनीयर शम्भुराज खनालका अनुसार सम्पन्न भएका योजनाहरूमा रु २४ लाख लागतको दोर्दी गाउँपालिका-२ को अर्चलबोट खानेपानी आयोजना रु ३५ लाख बजेटमा क्व्होलासोंथर गाउँपालिका-७ भोजेको भोजे खानेपानी आयोजना सम्पन्न भएको छ।

त्यस्तै रु १२ लाख लागतको मध्यनेपाल नगरपालिका-८ को कल्याणबेँसी खानेपानी योजना, रु १६ लाख लागतको बाग्रबेँसी चनौटेटोल खानेपानी योजना, मर्स्याङ्दी गाउँपालिका-१ र २ को घनापोखरा खानेपानी आयोजना रु १२ लाखमा सम्पन्न भएको छ । त्यस्तै, दोर्दी गाउँपालिका-८ बन्सार खानेपानी आयोजना रु ३७ लाख लागत, राइनास नगरपालिको राइनास बृहत् खानेपानी आयोजना रु ३२ लाख ५० हजार बजेट, बेँसीशहर नगरपालिका-४ को हिले खानेपानी आयोजना र चरागाउँ खानेपानी आयोजनाको काम सकिएको छ । मर्स्याङ्दी गाउँपालिका-४ को मिप्रा स्याँगे खानेपानी आयोजना रु १२ लाखमा काम सकिएको छ। त्यस्तै, क्व्होलासोंथर गाउँपालिका-६ को पसगाउँ खानेपानी आयोजना रु ३७ लाख बजेटमा, १२ लाखमा बेँसीशहर नगरपालिका-२ मा असिमुरे खानेपानी आयोजना, १२ लाखमा सुन्दरबजार नगरपालिका-५ खरिभञ्ज्याङ खानेपानी आयोजना, ३६ लाखमा मध्यनेपाल नगरपालिका-३ को सूर्यपाल एक घर एक धारा खानेपानी आयोजना र सुन्दरबजार नगरपालिका-८ को बलिथुम खानेपानी आयोजना, सम्पन्न भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखा एकाइ कार्यालय लमजुङले जनाएको छ।

बाँकी अन्य निर्माणाधीन आयोजनासमेत अन्तिम चरणमा पुगेको एकाइ कार्यालयका प्रमुख इन्जिनीयर शम्भुराज खनालले बताउनुभयो । उहाँका अनुसार सङ्घीय सरकारबाट हस्तान्तरण भएका योजनाहरू सङ्घीय ससर्त अनुदानका २५ योजनामध्ये नौवटा आयोजनाहरूसमेत सम्पन्न भइसकेको छ। बाँकी आयोजनाका कामसमेत तीव्र गतिमा अघि बढिरहेको बताइएको छ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १३ सिग्देल मार्गमा बाटो ढलान तथा रिटेनिङ वाल निर्माण योजना संचालन गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम:** सिग्देल मार्ग अन्तर्गत रामचन्द्र सिग्देलको किरना पसलदेखि पूर्वतर्फ शान्तिमार्ग जोडने सानो नहरको दायाँवायाँ ढलान वाल तथा रेटेनिङ निर्माण।

**उपभोक्ता समितिको नाम:** सिग्देलमार्ग शाखा नहर बाटो निर्माण उपभोक्ता समिति।

**सम्झौता मिति :** २०७७/१०/१६ गते

**योजना सम्पन्न मिति :** २०७८/०१/३० गते

**योजनाको कुल लागत :** रु. १२,००,०००।-

**महानगरपालिकाबाट प्राप्त रकम :** रु. ६,००,०००।-

**जन सहभागितावाट :** रु. ६,००,०००।-

**अध्यक्ष-** हरि प्रसाद गुरुङ

**जम्मा सदस्य संख्या:** ५, पुरुष: ३, महिला: २

**प्राविधि सहयोग:** ई. रविन्द्र गोदार, ई. सुदिप दवाडी

**सिग्देलमार्ग मार्ग टोलविकास संस्था**

**पोखरा -१३**

# निषेधाज्ञामा रोकिएन विकास निर्माण

– खेमराज गौतम

बागलुङ, २८ बैशाख (रासस)

कोरोनाको दोस्रो लहरका कारण तीव्ररूपमा सङ्क्रमण बढिरहे पनि बागलुङमा विकास निर्माण भने रोकिएको छैन । गत वर्ष कोरोनाका कारण ठप्प बनेको विकास निर्माण अहिले भने निरन्तर चलिरहेको छ । जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रका संयोजक तथा प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीका अनुसार बागलुङमा अहिले निर्माण सामग्री बोकेका सवारीलाई निर्वाधरूपमा चल्न दिइएको छ।

"गत वर्ष विकास निर्माण ठप्प भए तर अहिले अन्य क्षेत्रमा निषेधाज्ञा जारी गरे पनि विकास निर्माण रोकेका छैनौँ, न्यूनतम स्वास्थ्य मापदण्ड अपनाएर काममा लगाउन निर्माण व्यवसायीलाई भनेका छौँ", प्रजिअ कार्कीले भन्नुभयो, "निर्माण मजदुर एकै ठाउँमा बस्ने भएकाले उनीहरूलाई कामविहीन बनाउँदा भोकमरी, घर फर्कने समस्या हुन्छ, त्यसैले निरन्तर काम गर्न भनेका छौँ ।" अहिले बागलुङ जिल्ला सदरमुकाममा निषेधाज्ञाको समयमा धमाधम घर निर्माणको कामसमेत चलिरहेको छ। जिल्लामा सञ्चालित साना तथा ठूला विकास निर्माणका योजनामा स्वास्थ्य सुरक्षा अपनाएर काम अघि बढाइएको छ। पालिकामा निषेधाज्ञा रहे पनि विकासे योजनाको काम नरोकिएको बागलुङ नगरपालिकाले जनाएको छ । मुलपानी-भलाटाकुरा सडकको २ किमी सडक कालोपत्र भइरहेको र थप ५०० मिटर सडकको पक्की नालीसहित ग्राभेलको काम चलिरहेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार केही स्थानका योजना प्रभावित भए पनि महत्वपूर्ण विकासे योजनाको काम जारी छ।

सङ्घीय सरकारको सडक डिभिजन कार्यालय बागलुङमार्फत बागलुङ-बेनीसडकखण्डअन्तर्गत११ किमीसडकस्तरोन्नतिकार्यरोकिएको छैन । अहिले रामरेखामा सडक स्तरोन्नतिसँगै कालोपत्र भइसकेको छ भने उपल्लाचौरमा धमाधम काम चलिरहेको सडक डिभिजन कार्यालयका प्रमुख रामेश्वर लम्सालले जानकारी दिनुभयो । रु तीन करोड ३७ लाखको लागतमा स्तरोन्नतिसँगै पूरै ११ किमी नयाँ कालोपत्र गरिने सडकखण्डले बागलुङ-बेनी यात्रालाई सहज बनाउनेछ।

कोरोना महामारीबीच क्षेत्रीय सडकका रूपमा रहेको बागलुङ नगरपालिका-४ कुडुँले चोकदेखि काठेखोला गाउँपालिका जाने सडकको १४ किलोमिटर सडक कालोपत्र गर्नका लागि सडकको धमाधम स्तरोन्नति भइरहेको छ।नगरपालिकाको कुँडुले चोकदेखि-मालिका-पञ्चकोट हुँदै तितौरे काठेखोला गाउँपालिकाको सिमानासम्म जानेसम्मको सडक स्तरोन्नतिसँगै कालोपत्र गरिने सडक हो। गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको रु ४२ करोडको लागतमा सडक स्तरोन्नतिसँगै कालोपत्र गर्ने उक्त सडक बन्दाबन्दीमा रोकिएको छैन।

बागलुङ क्षेत्र नं १ को प्रदेशसभा 'ख' अन्तर्गत पर्ने बागलुङ नगरपालिका र काठेखोला गाउँपालिका समेट्ने गरी क्षेत्रीय चक्रपथका रूपमा यस सडकलाई स्तरोन्नतिसँगै कालोपत्र गर्न पूर्वाधार निर्माणको काम गत वर्षदेखि चलिरहेको छ । चौध किलोमिटर सडक आठ मिटरको मापदण्डअनुसार चौडा हुने र एक मिटर नाली निर्माण गर्ने र ५.५ मिटर चौडा सडक केही समयपछि कालोपत्र हुनेछ। पहिलो चरणमा बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकाको सिमानासम्म कालोपत्र गरिने र दोस्रो चरणमा तितौरे भिमपोखरा, धम्जा, बिहुँ, लेखानी, रेश हुँदै बलेवा जोड्ने सडक विस्तार र कालोपत्र गर्ने योजना रहेको बागलुङ नगरपालिकाका प्रमुख पौडेलले बताउनुभयो।

यस्तै रामरेखा मरेपिपलको गत वर्षदेखि चलिरहेको सडक स्तरोन्नतिको काम अहिले अन्तिम चरणमा पुगेको छ । अहिले उक्त सडक ग्राभेल भइरहेको र निषेधाज्ञाकै बीचमा कालोपत्र गरिने निर्माण व्यवसायी विदुर शर्माले बताउनुभयो । जिल्लामा सङ्घ, प्रदेश तथा स्थानीय तहका विकास निर्माणमा आंशिक प्रभाव परे पनि रोकिएका भने छैनन्।

# पाल्पाका गैरेलाई अमेरिकामा विद्यावारिधि

रासस

काठमाडौं, २८ बैशाख

पाल्पा जिल्लाको वगनासकाली गाउँपालिका-७ खानीगाउँका शङ्कर गैरेले अमेरिकाबाट विद्यावारिधि गर्नुभएको छ।

अमेरिकाको टेक्सस राज्यस्थित ए एण्ड एम विश्वविद्यालयबाट डिपार्टमेण्ड अफ प्लान्ड प्याथोलोजी एण्ड माइक्रोबायोलोजी विषयमा विद्यावारिधि गर्नुभएको हो।

चितवनस्थित रामपुर कृषि क्याम्पसबाट कृषि विषयमा स्नातकोत्तर गर्नुभएका गैरेले अमेरिकाकोउक्तविश्वविद्यालयवाट विद्यावारिधि गर्नुभएको हो। उहाँलाई सो विश्वविद्यालयका उपकुलपति प्याट्रिक स्टोभरले उपाधि प्रधान गर्नुभएको हो । पाँच वर्षअघि अध्ययनका क्रममा अमेरिका जानुभएका गैरेले त्यसअघि कृषि तथा वन विश्वविद्यालय चितवनमा दुई वर्ष प्राध्यापन गर्नुभएको थियो।

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमण बढेपनि शैक्षिक क्यालेण्डरमा भने कुनै असर नपरेका कारण नियमित पढाइ भएको हुँदा समयमा नै विद्यावारिधि गर्न सफल भएको गैरेले बताउनुभयो।

# अुबुवामा जथाभावी रूख कटान

रासस

गोरखा, २८ बैशाख

गोरखा नगरपालिका-१३ स्थित वनदेवी सामुदायिक वन क्षेत्र आसपासमा निजी वनका नाममा जथाभावी सालको रूख कटानी भएको भएको पाइएको छ।

स्थानीयवासीले वनमा सालको काठ लुकीछिपी काटेर राखेको अवस्था भेटेपछि डिभिजन वन कार्यालयलाई जानकारी गराएका थिए । काटिएको काठ स्थानीयवासी सुदर्शन शाहीले आफ्नो निजी प्रयोजनका लागि भन्दै काटेर थुपारेर राखेको अवस्था भेटिएको डिभिजन वन कार्यालय गोरखाका प्रमुख अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो।

प्रमुख श्रेष्ठले थुपारिएर राखिएको काठ कहाँबाट काटेको भन्ने कुरा अनुसन्धान भइरहेको बताउनुभयो । "निजी वनको हो कि सामुदायिक वनबाट काठ काटिएको हो भन्ने स्पष्ट भइसकेको छैन", प्रमुख श्रेष्ठले भन्नुभयो, "कार्यालयबाट काटेर राखिएको भनिएको ठाउँमा पुगेर काठ नापजाँच भइसकेको छ प्रतिवेदन प्राप्त हुन बाँकी छ।" शाहीले थुपारेर राखेको भनिएको स्थानमा करीब २९ थान (साढे ३१ क्युफिट) काठ फेला परेको अनुसन्धानमा खटिनुभएका रेन्जर बद्री देवकोटाले जानकारी दिनुभयो। अुबुवामाथि उत्तर पश्चिम क्षेत्रमा काठ काटेर सिंहले कर्मसिंह फाँटमा थुपारेर राखेको पाइएको उहाँको भनाइ छ । शाहीले सामुदायिक वनसँग जोडिएको क्षेत्रमा विनाअनुमति आफ्नो निजी वन भन्दै सालको रूख कटानी गरेको पाइएको हो । उनले घर बनाउनका लागि काठ काटेको भनिए पनि स्थानीयवासीले काठ बिक्री वितरणका लागि काटेको आशङ्का गरेका छन्। "घर बनाउनका लागि एउटा मात्र काटिन्थ्यो होला, एक स्थानीयवासीले भने त्यहाँ त एकै ठाउँमा पाँचवटा जति सालको रूख काटिएको छ, एउटा घर बनाउन त्यति धेरै रूख किन काट्नु पऱ्यो।" कानूनमा निजी वन नै भए पनि सालका काठ अनुमति विना काट्नका लागि प्रतिबन्ध लगाइएको छ। "आफ्नो निजी वन क्षेत्र भएका विभिन्न आँप चिलौनेलगायत तोकिएका २३ प्रजातिका रूख अनुमति विना काट्न पाइन्छ", कार्यालय प्रमखु श्रेष्ठले भन्नुभयो, "सालका रूखहरू अनुमति विना काट्न नपाइने कानूनी व्यवस्था छ।" देशभर वैज्ञानिक वन व्यवस्थापनको नीति लागू भएपछि निजी प्रयोजनका लागिसमेत सालको काठ काट्न निषेध गरिएको छ । शाहीले काठ कटानीका लागि कसैसँग पनि अनुमति नलिएको पाइएको छ।

"सामुदायिक वनलाई जानकारी गराएर काठ कटानी गरेको होइन, उहाँले मेरो निजी वनको हो", उहाँले भन्नुभयो। स्थानीय वनदेवी सामुदायिक वनका सचिव राजन रिमालले भन्नुभयो, "हामीले कुनै लिखित अनुमति पनि दिएका छैनौँ ।" उहाँले रूख काटिएको ठाउँ हेर्दा वन नै जस्तो देखिने बताउनुभयो। "हेर्दा वन नै जस्तो देखिन्छ, अब वनको कित्ता भित्र पर्छ कि पर्दैन भनेर यकिन गर्न सक्दैनौँ", सचिव रिमालले भन्नुभयो, "निजी वन हो वा सामुदायिक हो भनेर छुट्याउन नापी ल्याएर नापी गर्नुपर्छ।"

# धार्मिक पर्यटनको सङ्गम बन्दै छाङ्छाङ्दी

–हरि बाँस्तोला

स्याङ्जा, २८ बैशाख (रासस)

पहाडको बीच भागबाट कडा चट्टानलाई छिचोल्दै पानीको झरना छङ्छङ् झरिरहेको छ । छङ्छङ् आवाज निरन्तर सुनिने सोही झरनाका कारण यस ठाउँको नाम पनि छाङ्छाङ्दी रहन गएको स्थानीयवासीको भनाइ छ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्व बोकेको स्याङ्जा जिल्लाको भिरकोट नगरपालिका-४ स्थित छाङ्छाङ्दी क्षेत्र यतिखेर धार्मिक पर्यटकको आकर्षण गन्तव्यका रूपमा विकास हुँदै आएको छ । आफ्नै पिता दक्ष प्रजापतिले लगाएको यज्ञकुण्डमा छोरी सतीदेवीले हामफाली देहत्याग गरेपछि सतीदेवीको मायाले ओतप्रोत भगवान् महादेवले सतीदेवीको शरीरलाई काँधमा बोकी पृथ्वीभ्रमणकाक्रममानिस्किनुभएको थियो । यसरी हिँडेका महादेवले सतीदेवीको शरीर कुहिएर अङ्ग अङ्ग नै झरेको पनि थाहा नपाएको र त्यसै क्रममा यही छाङ्छाङ्दी क्षेत्रमा पुगेपछि सतीदेवीको शरीरका बाँकी रहेका सम्पूर्ण अङ्गहरू पतन भएको कुरा श्रीस्वस्थानी व्रतकथामा उल्लेख छ।

यसरी पीडा, थकाइ र तिर्खाले व्याकुल बनेका महादेवले त्यसै ठाउँको चट्टाने पहाडमा त्रिशूल प्रहार गरेर जल उत्पन्न गराई आफ्नो तिर्खा मेटाएको र त्यही स्थानमा गौमुखे पनि निस्किएको अनि सोही गौमुखेको पानीबाट यो छाङ्छाङ्दी झरना बनेको किंवदन्ती पनि पाइन्छ। सिद्धार्थ राजमार्गको मुख्य प्रवेशद्वार रहेको यस धार्मिक क्षेत्रको महत्वलाई कायम राख्दै एक पटक पुग्नै पर्ने गन्तव्यका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य लिइएको श्री छायाँक्षेत्र (शिव मन्दिर) सेवा समितिका सचिव कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो।

शिव मन्दिरको पछिल्तिर लगभग २० मिटरको उचाइबाट गाईको मुखजस्तै आकारबाट झरेको छाङ्छाङ्दी झरना ८० मिटर लम्वाइको भूमिगत ढल निर्माण गरेर उक्त पानीलाई दजुङ्खोलासम्म पुऱ्याइएको बताउँदै उहाँले त्यो पानी आँधीखोलामा पुगेर समाहित भएको जानकारी दिनुभयो। आँधीखोलालाई दृष्टिविहीन बुबा र आमाप्रति छोरा श्रवण कुमारले देखाएको श्रद्धा र योगदानको प्रतीकका रूपमा पनि लिने गरिन्छ।

उहाँका अनुसार सो शक्तिपीठमा भक्तजनले आफ्नो मनोकाङ्क्षासहित कार्य गर्दाको अघिल्लो दिन बेलुका आवश्यक सामग्रीको सङ्कल्प गर्दा भोलिपल्ट सम्पूर्ण सामान आफैँ तयार हुने गरेको थप किंवदन्ती पनि रहेको छ । यसरी उत्पत्ति हुने सामग्री एकपटक एकजना भक्तजनले चोरेर लगेका र त्यसपछि भने सङ्कल्प गरेका सामान प्राप्त हुन छोडेको पनि स्थानीय बासिन्दाको जनजिब्रोमा अझै रहिआएको छ।

मन्दिर परिसरमा गौमुखे धारा, यज्ञशाला, शिवलिङ्ग, सन्तोषी माता, नवग्रहका मूर्ति, शिवजीको विशाल मूर्ति, राधाकृष्ण र गणेशको मन्दिर निर्माण गरिएको बताउँदै सचिव श्रेष्ठले धार्मिक क्षेत्रका शिलालाई गहिरिएर अध्ययन गर्दा गौथुनहरू, गणेशका मूर्ति, नाग, शिवका विभिन्न स्वरुप देख्न सकिने बताउनुहुन्छ।

समितिका कोषाध्यक्ष सुवेदार रामकाजी श्रेष्ठका अनुसार मन्दिरमा पहिले पहिले गाईका बाच्छाबाच्छी चढाउने चलन भए पनि हाल भक्तजनले गरेको भाकलअनुसार परेवा चढाउने गरिन्छ । मन्दिरमा कुनै पनि किसीमको बली चढाउने प्रचलन भने छैन। विभिन्न धार्मिक पर्वसँगै दैनिक जस्तै आउने पर्यटक एवं भक्तजनले गर्ने दान तथा भेटीबाट वार्षिक रु २० लाख भन्दाबढी आम्दानी हुने गरेको बताउँदै उहाँले साउन महिनाको प्रत्येक सोमवारसहित अन्य दिनमा गरी सन्ध्या आरतीले धार्मिक क्षेत्रको महत्व बढाएको छ।

एक महिनाको अवधिमा भक्तजनले चढाएको भेटीबाट राम्रै आम्दानी हुने गरेको स्मरण गराउँदै कोषाध्यक्ष श्रेष्ठले भन्नुभयो "पछिल्ला दुई वर्षको अवधिमा दर्शनार्थीको कमीका कारण खासै आम्दानी भएको छैन । पछिल्लो करिब डेढवर्ष त मुलुकमा कोरोना महामारीका कारण आन्तरिक पर्यटकको पनि चहल पहल देखिँदैन भने बन्दाबन्दीका क्रममा त मन्दिर पनि बन्द नै भएको थियो।" सो धार्मिक क्षेत्रमा विशेषगरी नयाँ वर्ष, साउने संक्रान्ति सहित सोही महिनाको प्रत्येक सोमवार १०८ पिपलका जलधारा, जीज भेला, कृष्ण जन्माष्टमी मेला, महाशिवरात्री, मातातीर्थ औँसी लगायतका विभिन्न पर्वमा भक्तजनको भीड लाग्ने गरेको बताउँदै सचिव श्रेष्ठले यहाँ विवाह, ब्रतवन्धलगायतका शुभकार्य समेत हुने गरेको जानकारी दिनुभयो। सो अवसरमा स्थानीय कृषि उत्पादन, घरेलु सामाग्रीको समेत बिक्री वितरण हुने गरेको छ।

पोखरादेखि भौरहवा सिद्धार्थ राजमार्ग खण्डको सुगम स्थानमा अवस्थित सो क्षेत्रमा गाडी रोकेर यात्रुहरू उक्त शक्तिपीठको दर्शन गर्ने र चिया खाजा खाने एक किसीमको विसौनीजस्तो स्थानको रूपमा पनि पछिल्लो समयमा विकसित भएको छ । यसरी यो स्थान धार्मिक एवं मनोरम दृष्यावलोकन गर्ने स्थलका रूपमा विकास हुनुको साथै स्थानीय व्यापारीहरूलाई आयआर्जनका रूपमा पनि सहयोग पुग्ने गरेको स्थानीयको सामूहिक धारणा छ।

एकसय आठ शिवलिङ्ग र गौमुखे जलधारा निर्माण हुँदै

छायाँ क्षेत्र शिव मन्दिर परिसरको पश्चिम मागमा एक सय आठ जलधारासहितका शिवलिङ्ग निर्माण गरिने भएको छ । आगन्तुक भक्तजन तथा पर्यटकको आकर्षण अभिवृद्धि गर्ने लक्ष्यका साथ छाङछाङदी झरनाको जलले स्नान गर्ने व्यवस्थाका साथ रु ६० लाखको लागतमा उक्त धारासहित शिवलिङ्ग निर्माण गर्न लागिएको हो। उक्त धार्मिक क्षेत्रको भौतिक निर्माणका लागि सञ्चालित महायज्ञबाट रु ६० लाख सङ्कलन भएको थियो भने जग्गा विस्तारका लागि ग्याविन भर्ने, पर्खाल निर्माण र सुविधा सम्पन्न शौचालय निर्माणका लागि नगरपालिका, भूसंरक्षण, सहरी विकास, निर्वाचन क्षेत्र पूर्वाधार विकासलगायत विभिन्न सङ्घसंस्थाको साझेदारी कार्यक्रममार्फत रु ७० लाख प्राप्त भएको समितिका सचिव श्रेष्ठले जानकारी दिनुभयो।

शिवलिङ्गसहित जलधारा निर्माणका लागि भक्तजनबाट आर्थिक सङ्कलन गरिने छ । जसमा एउटा धारा बराबर रु २५ हजारको हाराहारी खर्च लाग्ने समितिको अनुमान रहेको छ । अहिलेसम्म मुलुकका विभिन्न स्थान पुण्यभूमिको दर्शन गर्न आउने भक्तजनले आफ्नो तर्फबाट एकदेखि तीन वटासम्म धारा निर्माण गर्ने प्रतिवद्धता समेत जनाइसकेका छन् । भक्तजनको प्रतिबद्धतासँगै धार्मिक क्षेत्रको विकास निर्माणमा समितिलाई उत्साह थपेको छ।

राजमार्गमा गुडीरहेका यातायातका साधनबाटै यात्रुले मन्दिर परिसर स्पष्ट देख्न सकिने गरी पहाड तथा रूख कटान गर्ने, पार्क निर्माण, तिर्थयात्रुका लागि आवास तथा भोजन गृह, पीठको स्थापना गरी यस क्षेत्रलाई अन्तरराष्ट्रियस्तरको धार्मिक गन्तव्यका रूपमा विकास गर्ने, मठमन्दिर निर्माणका साथै आवश्यकताअनुसार खानेपानीको व्यवस्थासहित सुविधायुक्त आधुनिक शौचालयको निर्माण गर्ने समितिकाले दीर्घकालीन सोचअनुसार भौतिक विकासमा जोड दिँदै आएको छ।

भिरकोट नगरपालिकाका प्रमुख छायाराम खनालका अनुसार मन्दिरको डिपिआरका आधारमा भौतिक पूर्वाधार निर्माणका लागि दुई वर्षको अवधिमा प्रदेश सरकार, नगरपालिका र मन्दिर समितिको साझेदारी कार्यक्रमअन्तर्गत रु दुई करोड २५ लाख लगानी भइसकेको छ। समितिले भक्तजनबाट मन्दिरमा चढाएको भेटी बैंक खातामा जम्मा गर्ने आवश्यक खर्च चेकमार्फत गर्ने हुँदा आर्थिक पारदर्शिता रहेको उहाँले विश्वास व्यक्त गर्नुभयो । प्रदेश सरकारको नयाँ गन्तव्य स्थलमा समावेश गरेको यस क्षेत्रमा एकसय फिट अग्लो त्रिशूलसमेत निर्माण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

महामारीका कारण दर्शनार्थी घटे

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि मुलुकमा बारम्बार गर्नु परेका बन्दाबन्दीको कारण यस धार्मिक क्षेत्रमा दर्शनार्थी ह्वात्तै घटेका छन्। दान र भेटीबाट वार्षिक २० लाख रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको धार्मिक संस्थामा हाल शून्य जस्तै भएको कोषाध्यक्ष श्रेष्ठको भनाइ छ।

पछिल्लो समयमा मन्दिरमा स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी नित्यपूजा आरधना गर्ने व्यवस्था मिलाइएको छ। कोरोना भाइरसका कारण बन्दाबन्दीका समयमा पनि मन्दिर परिसरमा भौतिक संरचना निर्माण कार्यलाई तीव्रता दिइएको छ । गण्डकी प्रदेशको राजधानी पोखराबाट लगभग ५५ किलोमिटर दूरीमा अवस्थित अलौकिक उक्त धार्मिक क्षेत्रको भौतिक विकासका साथै प्रचारप्रसारमा जोड दिन सक्ने हो भने आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनका साथै सो क्षेत्रका बासिन्दाको आयआर्जनमा समेत टेवा पुग्ने विश्वास लिइएको छ।

# सिलिण्डर व्यवस्थापनमा जुट्यो गाउँपालिका

पोखरापत्र संवाददाता

दमौली, २८ बैशाख

तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रले आँबुखैरेनी गाउँपालिकालाई सिलिण्डर हस्तान्तरण गरेको छ । कोभिड सङ्क्रमण बढेपछि बजारमा अक्सिजन सिलिण्डर अभाव भएकाले केन्द्रले मर्मत प्रयोजनका लागि भण्डार गरी राखेको १२ थान ठूलो सिलिण्डर गाउँपालिकालाई हस्तान्तरण गरेको हो।

अक्सिजन सिलिण्डरको उपलब्धता भएपछि जलविद्युत् केन्द्रलाई फिर्ता दिने गरी सिलिण्डर ल्याइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार नौ थान भरी सिलिण्डर र तीन थान खाली सिलिण्डर ल्याइएको छ । खाली सिलिण्डरलाई आज नै भर्न पठाइने पोखरेलले जानकारी दिनुभयो । प्रमुख प्रशासकीय अधिकृत पोखरेलका अनुसार गाउँपालिकामा यस अगाडि दुईवटा भरी सिलिण्डर छ। थप सिलिण्डरको पनि खोजी कार्य गरिएको पोखरेलले जानकारी दिनुभयो । "आँबुखैरेनी गाउँपालिका जिम्मेवार भएर सङ्कट व्यवस्थापनमा जुटिरहेको छ", पोखरेलले भन्नुभयो । जलविद्युत् केन्द्रले उपलब्ध गराएको सिलिण्डर लिन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पोखरेल, वडा नं ३ का सदस्य दिनेश केसी आफैँ पुग्नुभएको थियो । आइतबार मात्रै गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाको पहलमा एक कर्मचारीलाई उद्धारगरीकाठमाडौँपठाइएकोथियो। प्रदेश सरकार मातहत कार्यालयका कर्मचारीलाई श्वासप्रश्वासमा समस्या भएपछि अध्यक्ष थापाको सक्रियतामा एम्बुलेन्स व्यवस्थापन गरिएको थियो । यसै गरी आँबुखैरेनी-३ स्थित अलस्टार क्लबले आफ्नो भवन आइसोलेशन निर्माणका लागि गाउँपालिकालाई दिने भएको छ।

कोभिड सङ्क्रमित बढेको र आइसोलेशनका लागि भवन अभाव हुनसक्ने भएपछि क्लब भवन गाउँपालिकालाई दिन तयार भएको हो। क्लबका अध्यक्ष दिनेश केसीले गाउँपालिकाका अध्यक्ष थापालाई उक्त भवन प्रयोग गर्न दिने सहमतिपत्र हस्तान्तरण गर्नुभएको छ । वडासदस्यसमेत रहनुभएका केसीले कोभिड रोकथाम गर्नु सबै सङ्घसंस्थाको कर्तव्य भएकाले क्लबको भवन आइसोलेशनका लागिदिनेनिर्णयभएकोबताउनुभयो।

उक्त भवनमा पाँच शय्याको आइसोलेशन कक्ष बनाउन सकिनेछ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पोखरेलले कोभिड रोकथामका लागि क्लबले पुऱ्याएको सहयोग उदाहरणीय रहेको बताउनुभयो।


**Auto-Tympanometry आपूर्ति गर्नका लागि सिलबन्दी बोलपत्र आव्हान**

INTERNATIONAL NEPAL FELLOWSHIP

आई एन एफ नेपाल, हरियो खर्क अस्पतालका लागि Auto-Tympanometry आपूर्ति गर्नका लागि सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य आपूर्तिकर्ताहरुबाट मिति २०७८ जेष्ठ १४ गते कार्यालय समय बेलुका ४:०० बजे भित्र यस अस्पतालबाट उपलब्ध गराईएको बोलपत्र फाराम भरी आ.ब. २०७६।०७७ को आयकर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, सेवाको प्रकृति अनुसार आवश्यक पर्ने PAN/VAT दर्ताका साथै फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी **Email Address: procurement.gph@nepal.inf.org** पेश गर्नुहुन जानकारी गराईन्छ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ। अन्य थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन समेत जानकारी गराईन्छ।

**सम्पर्क**

**प्रशासन तथा सहयोग विभाग**

**आई एन एफ नेपाल**

**हरियो खर्क अस्पताल**

**पोष्ट बक्स नम्बरः २८, पोखरा, नेपाल, फोन नं – ०६१–४३०३४२**

**Email Address : procurement.gph@nepal.inf.org**